सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौं अधिवेशन
बैठक-५१
सूचनापत्र-२
(बैठकको काम कारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:२८ बजे
बैठक स्थगित :३:५२ बजे

नेपाल सम्वत्:- ११४६ २०८३ असोज १५ गते बिहीबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनको एकाउन्नौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२८ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **शून्य समयमा** बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य खम्म बहादुर खातीले पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.रालाई गैरकानूनी रुपमा पक्राउ गरेको विषयमा सरकासँग जवाफ माग गर्नुभयो।

माननीय सदस्य चन्द्र बहादुर के.सीले सम्माननीय प्रधानमन्त्रीको सीमा सम्बन्धी विवादास्पद भनाई रेकर्डबाट हटाउन तथा कालीगण्डकी करिडोरका सडकमार्ग एवम् चाँदनी-दोधारा पुलको पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य धर्मेन्द्र पासवानले रौतहटको लालबकैया नदीको बाँधको दुवैतीरको भाग होँचो भएकाले जोखिम बढिरहेको जनाउँदै उचाई बढाउन माग गर्नुभयो।

माननीय सदस्य महन्थ ठाकुरले पूर्व प्रधानन्यायाधीशको पक्राउलाई राजतन्त्र पुनर्स्थापनासँग जोड्दै सरकारका गतिविधिमाथि प्रश्न गर्नुभयो।

माननीय सदस्य राम कुमारी झाक्रीले पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.राको पक्राउको आधार, कारण र जवाफदेहीता नदेखिएको उल्लेख गर्दै कार्यपालिकाले न्यायपालिका र व्यवस्थापिकामाथि प्रहार गर्ने गरेको जिकिर गर्नुभयो।

माननीय सदस्य रेखा कुमारी झाले विपद्जन्य घटनामा सरकारले प्रभावकारी व्यवस्थापन गर्न नसकेको उल्लेख गर्दै मूल्य वृद्धि नियन्त्रण गरी जनजीवन सहज तुल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य रोश्री मेचेले मोबाइल बैंकिङ तथा बैंकिङ प्रणालीको सुरक्षाप्रति प्रश्न उठाउँदै बैंकलाई उत्तरदायी बनाउन एवम् सुरक्षित प्रणाली निर्माणमा ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सम्झना देवकोटाले असोज ९-११ गते सम्म भएको अविरल वर्षाले गोरखा जिल्ला अत्याधिक प्रभावित रहेको, पर्यटक, पर्वतारोही तथा स्थानीयवासी फसेर बसेकाले छिटो उद्धारका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सोमनाथ पोर्तेलले झापाको कचनकवल गाउँपालिकामा रहेको धान खेतीमा जङ्गली हात्तीले क्षति पुऱ्याएको उल्लेख गर्दै खेतीका आधारमा क्षतिपूर्ती एवम् मानव जाति माथि हुने आक्रमण न्यूनीकरणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य किरण बाबु श्रेष्ठले मुलुकमा भएका विभिन्न मानव सृजित तथा प्राकृतिक घटनाबारे चर्चा गर्दै असोज ८ देखि ११ सम्म भएको अविरल वर्षाका कारण पुगेको क्षति प्रति दुःख व्यक्त गर्दै पर्यटनको मेरुदण्डको रुपमा रहेको गण्डकी प्रदेशमा पुगेको विवरण उल्लेख गर्नुभयो। पूर्वानुमान तथा पूर्व सूचनाका बीच पूर्वतयारी व्यवस्थित हुन नसकेको, तीन तहका सरकारबीच समन्वय हुन नसकेको जनाउनुभयो। कोरोला नाका प्रभावित हुँदा आपूर्ती शृंखलामा थप दबाब परेको जनाउँदै राहत वितरण, वैकल्पिक सम्पर्कबारे तयारी तथा प्रभावित सडक निर्माणको पुनःनिर्माण लगायतका विषयमा धारणा व्यक्त गर्नुभयो। सरकारले जनअपेक्षा अनुरुप कार्य गर्न नसकेको, संसद्मा उठेका प्रश्नप्रति सरकार उत्तरदायी हुन नसकेको, अध्यादेशको दुरुपयोग गरेको विषय चर्चा गर्दै सरकारलई प्रचारमुखी नभई परिणाममुखी हुन तथा कार्यशैली सच्चाउन आग्रह गर्नुभयो। विगतका त्याग र इतिहासलाई सम्मान गर्दै राजनीतिलाई सेवाको रुपमा लिनुपर्ने मत व्यक्त गर्नुभयो। सत्ता र सरकार अस्थायी हुने जनाउँदै विधिको शासन बमोजिम सरकार अगाडी बढोस् भनि सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो।

माननीय सदस्य सुरेश कुमार आलेमगरले मुख्यतः गण्डकी प्रदेशमा घटेका बाढीजन्य गतिविधिप्रति दुःख व्यक्त गर्नुभयो। पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.राको गिरफ्तारी एवम् त्यसपछिका गतिविधि पारदर्शी हुनुपर्ने जनाउँदै सरकार कानूनी शासनको विरुद्ध स्वेच्छाचारिता र अधिनायकवाद तर्फ अगाडी बढेको आरोप लगाउनुभयो। सम्माननीय प्रधानमन्त्रीको संयुक्त राष्ट्रसंघको भ्रमणमा आवश्यक पूर्वतयारी हुने नसकेको जनाउँदै महासभामा सम्बोधन मात्र पर्याप्त नहुने जनाउँदै प्रकृतिबाट सृजित विपद् समाधानको उपाय आदिवासी समुदायसँग रहने बताउनुभयो। सरकारको हस्तक्षेपका कारण ANFA निलम्बनमा परेको उल्लेख गर्दै फुकुवा लागि आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य राम कुमारी झाक्रीले भोटेकोशी बाढीप्रति दुःख व्यक्त गर्दै खोज, उद्धार कार्यमा संलग्न सरोकारवालाप्रति धन्यवाद व्यक्त गर्नुभयो। हाम्रो विपद प्रतिकार्य राहत वितरणमा मात्र केन्द्रित हुने गरेको उल्लेख गर्दै वेपत्ता नागरिकको खोजी र पीडित परिवारको अवस्था, राहत तथा पुनर्स्थापना, प्रभावित नागरिकको जीविकोपार्जन, पुननिर्माणका लागि राष्ट्रिय कार्ययोजना, भविष्यको विपद्को जोखिम न्यूनीकरणका लागि आवश्यक तयारी, व्यवस्थित वस्ती विकास, पुनःस्थापना लगायतमा ध्यान दिनुपर्ने बताउनुभयो। बाढी पश्चात सार्वजनिक क्षति तथा प्रभावित नागरिकको विवरण तथा तथ्याङ्कको विश्वसनीयता सुनिश्चित हुनुपर्ने माग गर्नुभयो। प्रस्तावित कानूनी प्रावधानले स्थायी सरकारको रुपमा रहने निजामती प्रशासनलाई हतोत्साहित गराउन खोजेको उल्लेख गर्दै राज्य सञ्चालन गर्ने कार्यमा जिम्मेवार हुन र परिणाममार्फत जवाफ दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य घनश्याम रिजालले सरकारले राष्ट्रिय सभामा उठाएका सवाललाई उपेक्षा गर्ने गरेको, महङ्गी वृद्धि, खाना पकाउने ग्याँसको अभाव, सुकुम्बासी वस्ती व्यवस्थापन, सरकारका मन्त्रीहरुको विवादास्पद अभिव्यक्ति माथि प्रश्न गर्दै सरकारको प्रतिवद्धता र कार्यशैलीमा खाडल रहेको बताउनुभयो। अध्यादेशमार्फत शासन, सम्माननीय प्रधानमन्त्रीको सीमा विवाद सम्बन्धी विवादास्पद अभिव्यक्ति, जेन-जीलाई उत्तेजित बनाउने गतिविधि, सम्माननीय प्रधानमन्त्रीको संयुक्त राष्ट्रसंघको भ्रमणमा राष्ट्रप्रमुख तथा सरकार प्रमुखसँग साइड लाइन बैठक हुन नसकेको, प्रेस स्वतन्त्रतामा अंकुश, निःशूल्क स्वास्थ्य सेवाको सुनिश्चितता, विद्युतीय शासनको व्यवहारिक अभ्यास लगायतका विषय चर्चा गर्दै सरकारले चित्त बुझ्दो परिणाम दिनुका साथै सुशासन कायम गर्न ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्य रुकमिणी कोइरालाले आफ्नो प्रश्न सोध्नु हुँदा माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले माननीय सदस्यले सोध्नु भएको प्रश्नको जवाफ दिनुभयो।

तदुपरान्त, अर्का प्रश्नकर्ता माननीय सदस्य पदम बहादुर परियारले दुई मन्त्रालयसँग सम्वन्धित प्रश्न सोध्नुहुँदा सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले र माननीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादीले माननीय सदस्यले सोध्नु भएको प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले "आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन" पेस गर्नुभयो।

त्यसपछि, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति पुजा चौधरीले "सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन" सभा समक्ष पेस गर्नुभयो।

तदुपरान्त, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सभापति जयन्ती देवी राईले "सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन" सभा समक्ष पेस गर्नु भयो।

त्यसपछि, विधायन व्यवस्थापन समितिका माननीय सभापति कृष्ण बहादुर रोकायले "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ सम्बन्धी समितिको प्रतिवेदन" सभा समक्ष पेस गर्नुभयो।

तत्पश्चात, राष्ट्रिय सभाका सचिव श्री तुल बहादुर कंडेलले राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र संचालन) विधेयक, २०८१, का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले, देहाय बमोजिमको भोटेकोशी एवम् कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन गर्नुभयोः-

"सम्वत् २०८३ साल भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत गोरखा, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा ठूलो जनधनको क्षति भएको छ। राष्ट्रिय सभाको सम्वत् २०८३ साल भदौ १६ गतेको बैठकबाट यसै विषयमा जोखिम न्यूनीकरण एवम् विपद् व्यवस्थापन सम्बन्धी विशेष प्रस्ताव पनि पारित भइसकेको छ। सभाका बैठकहरूमा आकस्मिक समय, शून्य समय र विशेष समयमा पनि माननीय सदस्यहरूबाट रसुवाको भोटेकोसी त्रिशुली नदीबाट उत्पन्न विपद् तथा यही असोज ९ गते देखि ११ गतेसम्मको अविरल वर्षाका कारण देशका विभिन्न जिल्लामा ठूलो जनधन र भौतिक क्षतिका सम्बन्धमा विशेष समिति गठन गर्न माग भइरहेको छ। मिति २०८३ साल असोज १५ गते राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका नेता सहित बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा संयुक्त रुपमा दलका नेताहरूले विशेष समिति गठन गर्नका लागि लिखित रुपमा समेत माग भएको छ । यस सन्दर्भमा उत्पन्न विपद्मा जोखिम न्यूनीकरणको तयारी, जनधनको क्षति, बेपत्ता तथा प्रभावितको खोजी, उद्धार, राहत तथा क्षतिपूर्ति, घाइतेहरूको उपचार, शव व्यवस्थापन, पुनर्स्थापना लगायतको समीक्षा एवम् जलवायु परिवर्तनको प्रभाव विश्लेषण गर्दै विपद् प्रभावितलाई पुनर्स्थापना एवम् भौतिक संरचनाको पुनर्निर्माण, जोखिम न्यूनीकरण र जलवायु न्यायको लागि मार्गचित्र सिफारिस गर्नका लागि विपद् सम्बन्धमा सबै पक्षको

अध्ययन गरी राष्ट्रिय सभामा प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमका सदस्य रहने गरी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १६७ बमोजिम १ सदस्य पछि थप गर्ने गरि ९ सदस्यीय **भोटेकोशी एवम् कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति** गठन गरेको छु ।

१. माननीय सदस्य कृष्ण प्रसाद पौडेल,
२. माननीय सदस्य गीता देवकोटा,
३. माननीय सदस्य घनश्याम रिजाल,
४. माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी,
५. माननीय सदस्य सम्झना देवकोटा,
६. माननीय सदस्य सोमनाथ पोर्तेल,
७. माननीय सदस्य पुजा चौधरी र
८. माननीय सदस्य तुल प्रसाद विश्वकर्मा ।

दिगो मार्गचित्रका लागि समितिले छिमेकी देशहरूसँग विपद् जोखिम न्यूनीकरण, उद्धार, राहत तथा पुनर्स्थापनामा सहकार्य गर्दै विपद् आउनुअघि नै जोखिमको सूचना उपलब्ध गराउने भरपर्दो, वैज्ञानिक र आधुनिक पूर्वसूचना प्रणाली तथा प्रविधिको विकास र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माणको लागि सुझाव दिने, विषयगत विज्ञहरूसँग अन्तरक्रिया गरी विपद्को कारण, जोखिम तथा दीर्घकालीन प्रभावको वैज्ञानिक विश्लेषण गर्दै जोखिम न्यूनीकरणका उपाय पहिचान गर्ने, यस्ता विपद्बाट प्रभावित छिमेकी राष्ट्रहरूसँग अनुभव, प्रविधि, सूचना तथा स्रोतसाधन आदान प्रदानका लागि सहकार्यको उपयुक्त मोडालिटी विकास गर्नेबारे अध्ययन गर्ने, जलवायु परिवर्तनमा नगण्य योगदान गरेका तर त्यसबाट बढी प्रभावित राष्ट्रले जलवायु परिवर्तनमा नकारात्मक योगदान गर्ने राष्ट्रहरूबाट हानीको क्षतिपूर्ति प्राप्त गर्ने अन्तर्राष्ट्रिय व्यवस्था र सम्भावित कानुनी आधारबारे अध्ययन गर्ने र तत्काल उद्धार तथा पुनर्स्थापनासँगै नयाँ बस्ती बसाउँदा भविष्यमा कम क्षति हुने स्थानको भूगर्भीय, भौगोलिक तथा जलवायुजन्य जोखिमका आधारमा वैज्ञानिक तथ्यसहित पहिचान गर्ने।

प्रस्तावित समितिको कार्यावधि २०८३ पुस मसान्तसम्म रहनेछ। समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले सञ्चालन गर्न राष्ट्रिय सभा नियमावली, २०७५ को अधिनमा रही आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने बेहोरा समेत जानकारी गराउँछु ।

साथै, यही प्रयोजनाका निम्ति प्रतिनिधि सभामा गठित संसदीय विशेष समितिसँग आवश्यक्ता अनुसार समन्वय गरि जिम्मेवारी सम्पन्न गर्न अनुरोध गर्दछु।"

त्यसपछि, सम्माननीय अध्यक्षले, **भोटेकोशी एवम् कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति** गठन सम्बन्धी प्रस्तावलाई सहमति जनाइदिनुहुन अनुरोध गर्नुहुँदा सभाको सहमति प्राप्त भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाका पूर्व सदस्य घनेन्द्र बस्नेतको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः

"प्रतिनिधि सभाका पूर्व सदस्य घनेन्द्र बस्नेतको ७४ वर्षको उमेरमा मिति २०८३ साल असोज १४ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय बस्नेत नेकपा (एमाले) पार्टीको तर्फबाट २०४८ सालको प्रतिनिधि सभा निर्वाचनमा संखुवासभा जिल्ला निर्वाचन क्षेत्र नं. २ र २०५६ को प्रतिनिधि सभा निर्वाचनमा भोजपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित हुनु भएको थियो।

यो बैठक स्वर्गीय बस्नेतप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

उल्लेखित शोक प्रस्तावलाई सभाले पारित गरी एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८३ साल असोज १६ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव